अपिहिमाल गाउँपालिकाको आधिकारिक मासिक प्रकाशन

# अपि स्मारिका

"सुन्दर, समृद्ध र विकसित अपिहिमाल"

संरक्षक : भक्त सिंह ठेकरे बोहरा (गा.पा. अध्यक्ष) सल्लाहकार : लोकेन्द्र बहादुर बिष्ट (प्र.प्र.अ.) सम्पादक : मदन राज जोशी (शिक्षा अधिकृत)

भाद्र महिना | अंक : १ | मिति : २०८३ असोज १ गते बिहिबार

## स्मारिका प्रकाशनको सान्दर्भिकता

– लोकेन्द्र बहादुर बिष्ट, प्रमुख प्रशासकीय अधिकृत

नेपालको संविधानले परिकल्पना गरेबमोजिम स्थानीय सरकार भनेको नागरिकको सबैभन्दा नजिकको र भरोसायोग्य सरकार हो। जनताबाट प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरूद्वारा सञ्चालित यो संस्था नागरिकले मतदानमार्फत आफ्नो सार्वभौम अधिकार सुम्पेको प्रतिनिधिमूलक निकाय हो। विकेन्द्रीकरणको सिद्धान्तलाई मूर्तरूप दिँदै सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुऱ्याउने संवैधानिक मर्मलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु हाम्रो मुख्य दायित्व हो।

नागरिकका दैनिक प्रशासनिक आवश्यकता, भौतिक पूर्वाधार विकासका आकाङ्क्षा, सामाजिक न्याय र आधारभूत सेवा प्रवाहलाई घरदैलोमै पुऱ्याउनु स्थानीय तहको प्राथमिक संवैधानिक तथा नैतिक कर्तव्य हो। भौगोलिक रूपमा दुर्गम मानिने अपिहिमाल गाउँपालिका जस्तो हिमाली भू-भागमा पारदर्शी, उत्तरदायी र पहुँचयोग्य प्रशासन सञ्चालन गर्नु आफैँमा चुनौतीपूर्ण भए तापनि हामी यसलाई अवसरका रूपमा लिँदै अगाडि बढिरहेका छौँ।

कुनै पनि लोकतान्त्रिक व्यवस्थामा सार्वजनिक निकायले सम्पादन गर्ने हरेक निर्णय, योजना छनोट, विकास निर्माणका कार्य तथा बजेट विनियोजनका सम्बन्धमा सुसूचित हुने हक प्रत्येक नागरिकमा निहित हुन्छ। सार्वजनिक काम-कारबाही पारदर्शी हुनु, सेवा प्रवाह प्रविधिमैत्री र सरल हुनु तथा जनताको हितविपरीत वा सार्वजनिक हितको प्रतिकुल हुने काममा नागरिकले सहज रूपमा प्रश्न उठाउन पाउनु नै लोकतन्त्र र सुशासनको सुन्दर पक्ष हो।

सुशासनको मेरुदण्डको रूपमा रहेको पारदर्शिताले सरकार र जनताबीचको दूरी कम गर्दै आपसी विश्वासलाई थप प्रगाढ बनाउँछ। अपिहिमाल गाउँपालिकामा हामीले वित्तीय अनुशासन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सूचनाको हकको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखेका छौँ। जबसम्म नागरिकले आफ्नो गाउँपालिकाको बजेट कहाँ, कसरी र कत्तिको प्रभावकारी रूपमा खर्च भइरहेको छ भन्ने तथ्य स्पष्ट रूपमा थाहा पाउँदैनन्, तबसम्म वास्तविक सुशासनको अनुभूति हुन सक्दैन।

अपिहिमाल गाउँपालिकाले सुशासन स्थापनाका लागि परम्परागत ढर्राभन्दा माथि उठेर आफ्नै पहलमा विभिन्न नवीन कामहरूको सुरुवात गरेको छ। दुर्गम भौगोलिक बनोटका बाबजुद सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन विद्युतीय शासन (e-Governance) का औजारहरू प्रयोगमा ल्याइएको छ। योजना व्यवस्थापन, सिफारिस प्रणाली र राजस्व सङ्कलनजस्ता कार्यलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गर्ने प्रयास जारी छ।

क्रमश ....... पेज नं. ३

## भट्टारका पहिरो विस्थापितलाई गाउँपालिकाद्वारा राहत र सुरक्षित स्थानान्तरण; पुनर्स्थापनाका लागि मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाइयो:

अपिहिमाल गाउँपालिका वडा नं. १ स्थित भट्टारमा गत भाद्र १९ गते गएको विनाशकारी पहिरोका कारण विस्थापित भएका ६ घरपरिवारलाई गाउँपालिकाको सक्रिय पहलमा सुरक्षित स्थान सिति गुरसाड मा स्थानान्तरण गरिएको छ । पहिरोको उच्च जोखिमका कारण बिस्थापित भएका परिवारलाई पहिरो लगतै गाउँपालिकाले उद्धार गरी सुरक्षित स्थानमा सारेको हो । विपद्को यस घडीमा गाउँपालिकाले विस्थापित परिवारको तत्कालको गर्जो टार्नका लागि राहत सामग्री समेत वितरण गरेको छ । पीडित परिवारलाई प्रतिपरिवार एक थान कम्बल, एक थान त्रिपाल र २५ केजी चामल उपलब्ध गराइएको छ । प्रारम्भिक चरणमा वासस्थान र खाद्यान्नको संकट पर्न नदिन गाउँपालिकाले यो कदम चालेको हो । यसैबीच, पहिरो पीडितहरूको स्थायी पुनर्स्थापना र दीर्घकालीन राहतका लागि गाउँपालिकाले प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ । अपिहिमाल गाउँपालिकाका अध्यक्ष भक्त सिंह ठेकरे बोहराले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्ट लाई भेटेर विस्थापित परिवारको अवस्थाबारे जानकारी गराउँदै एक ज्ञापनपत्र बुझाउनुभएको छ । ज्ञापनपत्रमा पहिरो प्रभावित क्षेत्रको भौगर्भिक अध्ययन, विस्थापितहरूको स्थायी आवास व्यवस्थापन र थप राहत प्याकेजका लागि प्रदेश सरकारसँग जोडदार माग गरिएको छ ।विपद्को समयमा आफ्ना नागरिकको अभिभावकत्व ग्रहण गर्दै गाउँपालिकाले उद्धार र राहतमा कुनै कसर बाँकी नराख्ने र प्रदेश सरकारसँग समन्वय गरेर छिट्टै स्थायी पुनर्स्थापनाको काम अघि बढाउने प्रतिबद्धता गाउँपालिका अध्यक्ष बोहराले व्यक्त गर्नुभएको छ ।



भट्टार क्षेत्रमा अझै पनि पहिरोको जोखिम कायम नै रहेकाले गाउँपालिका कार्यालयले विशेष सतर्कता अपनाउन अनुरोध गरेको छ। गाउँपालिकाले एक सूचना जारी गर्दै नजिकका बस्तीका बासिन्दाहरूलाई उक्त जोखिमयुक्त स्थानमा नजान र सुरक्षित स्थानमा बस्न हार्दिक अपिल गरेको हो ।



## "बालापनको रक्षा : भविष्यको सुरक्षा" भन्ने आदर्श वाक्यका साथ ६२औँ राष्ट्रिय बालदिवस भव्य रूपमा सम्पन्न ।




"बालापनको रक्षा : भविष्यको सुरक्षा" भन्ने मूल आदर्श वाक्यका साथ ६२औँ राष्ट्रिय बालदिवस मिति २०८३ भाद्र २९ गते अपिहिमाल गाउँपालिका वडा नं. ३ स्थित श्री हिमालय आधारभूत विद्यालय, पाथाको प्राङ्गणमा भव्य रूपमा मनाइएको छ । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा विभिन्न अन्तरविद्यालय स्तरीय प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरी यो दिवस मनाइएको हो ।

बालबालिकाहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा नेपाली हिज्जे लेखन  हिसाब दौड तथा अङ्ग्रेजी हिज्जे प्रतियोगिता जस्ता रोचक एवं ज्ञानवर्द्धक प्रतियोगिताहरू सञ्चालन गरिएका थिए । प्रतियोगितामा वडा न. ३ अन्तरगतका विभिन्न विद्यालयका छात्रछात्राहरूले उत्साहजनक रूपमा कविता , गजल , नृत्य तथा चुटकिला प्रस्तुत गरेका थिए ।

गाउँपालिकाका बाल कल्याण अधिकारी एवं शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख मदन राज जोशीले अध्यक्षता गर्नु भएको कार्यक्रमको प्रमुख आतिथ्यता सामाजिक विकास समितिका संयोजक तथा वडा नं. ३ का वडा अध्यक्ष गगन सिंह कार्की ले गर्नुभएको थियो । कार्यक्रममा पालिका भित्रका विभिन्न विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रधानाध्यापकहरू, शिक्षक, बुद्धिजीवी, अभिभावक तथा ठुलो सङ्ख्यामा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका वक्ताहरूले बालबालिकाको अधिकार सुनिश्चित गर्दै उनीहरूको बाल्यकाललाई सुरक्षित र उज्यालो बनाउन सके मात्र देशको भविष्य सुरक्षित हुने कुरामा जोड दिनुभयो । प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरूलाई  नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्दै कार्यक्रम समापन गरिएको थियो ।




## प्रमुख प्रशासकीय अधिकृतद्वारा स्वास्थ्य संस्था र वडा कार्यालयहरूको अनुगमन, सेवा प्रवाह चुस्त बनाउन निर्देशन ।



मिति २०८३/०५/ १८ गते देखी २२ गतेसम्म अपिहिमाल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकेन्द्र बहादुर विष्टले गाउँपालिका भित्रका वडा न. ४ र वडा न. ५ को कार्यालय तथा खण्डेश्वरी स्वास्थ्य चौकी तथा सौगन्ना आधारभूत स्वास्थ्य सेवा केन्द्रको अनुगमन एवं निरीक्षण गर्नुभएको छ । स्थानीय सरकारबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी, जनमुखी र गुणस्तरीय बनाउने उद्देश्यका साथ यो अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा प्रमुख प्रशासकीय अधिकृतले वडा कार्यालयहरूबाट सम्पादन हुने दैनिक प्रशासनिक कार्य, दर्ता चलानी, योजनाहरूको प्रगति, राजस्व संकलनको अवस्था र नागरिक बडापत्र बमोजिम सेवाग्राहीले समयमै सेवा पाए/नपाएको बारे विस्तृत जानकारी लिनुभएको थियो ।

यसैगरी, गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरूको निरीक्षण गर्दै उहाँले स्वास्थ्यकर्मीहरूको उपस्थिति, औषधि भण्डारणको अवस्था, निःशुल्क वितरण गरिने औषधिको उपलब्धता र बिरामीहरूले पाइरहेको उपचार सेवाको प्रत्यक्ष अवलोकन गर्नुभयो ।

निरीक्षणका क्रममा सेवा प्रवाहमा केही सुधार गर्नुपर्ने पक्षहरू औँल्याउँदै प्रमुख प्रशासकीय अधिकृतले कर्मचारी र स्वास्थ्यकर्मीहरूलाई महत्वपूर्ण निर्देशनहरू दिनुभएको छ:

- समयपालन र नियमितता: सबै कर्मचारी तथा स्वास्थ्यकर्मीहरू अनिवार्य रूपमा तोकिएकोसमयमा कार्यालयमा उपस्थित भई जिम्मेवारीपूर्वक सेवामा खटिनुपर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवा: स्वास्थ्य संस्थामा आउने बिरामीहरूलाई आत्मीय व्यवहार गर्दै औषधिको अभाव हुन नदिन र गुणस्तरीय उपचार सेवा प्रवाह गर्न विशेष ध्यान दिनुपर्ने ।
- पारदर्शिता र सुशासन: वडा कार्यालयहरूबाट प्रदान गरिने सेवालाई ढिलासुस्तीमुक्त बनाई नागरिकका काम चुस्त र पारदर्शी ढंगले सम्पादन गर्नुपर्ने ।
- भौतिक पूर्वाधार र सरसफाइ: कार्यालय तथा स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था सुधार गर्न र परिसरलाई सधैं स्वच्छ एवं सफा राख्न निर्देशन ।

"नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार नै भएकाले जनताले प्रत्यक्ष अनुभूत गर्ने गरी सेवा प्रवाह हुनुपर्छ," प्रमुख प्रशासकीय अधिकृतले भन्नुभयो, "काममा लापरवाही गर्ने वा बिना सूचना कार्यक्षेत्र छोड्ने कर्मचारीलाई नियमानुसार कारबाही गरिनेछ र राम्रो काम गर्नेलाई पुरस्कृत गरिनेछ ।" यो अनुगमन र निर्देशनपछि गाउँपालिकाका दुर्गम बस्तीहरूमा प्रशासनिक र स्वास्थ्य सेवा थप व्यवस्थित, उत्तरदायी र प्रभावकारी बन्ने विश्वास स्थानीय नागरिकहरूले लिएका छन् ।

**संविधान दिवस २०८३ असोज ३ गतेको उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुखः, शान्ति, समृद्धी को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**अपिहिमाल गाउँपालका परिवार**

## बस्तीस्तरबाटै गरियो सामाजिक सुरक्षा लाभग्राहीहरुको नविकरण

अपिहिमाल गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाईमार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नविकरण कार्य संचालन भइरहेको छ। यस क्रममा विभिन्न वडाका स्थानमा रहेका लाभग्राहीहरूको नविकरण गरिएको छ।



विवरण अनुसारः वडा नं. ६, ओखलमा -२९ जना, वडा नं. ५ को कार्यालयमा २३ जना, वडा नं. ४-६३ जना र वडा नं. ३ को मर्खोला, ३० जना, पाथा-३६ जना, सम्भाड-३१ जना गरी हालसम्म जम्मा २१२ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नविकरण कार्य भइरहेको छ।गाउँपालिकाले बाँकी लाभग्राहीहरूको समेत सहजताका लागि आवश्यक स्थानमा पुगेर सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिदै आएको छ ।

## बालश्रम मुक्त पालिका बनाउन अपिहिमालको तदारुकता: वडास्तरमै कार्यदल र समन्वय समिति गठन

अपिहिमाल गाउँपालिकालाई बालश्रम मुक्त स्थानीय तह घोषणा गर्ने महाअभियानलाई तीव्रता दिन पालिकाले तदारुकताका साथ काम अगाडि बढाएको छ । मिति २०८३ साल भदौ ११ गते बसेको गाउँ कार्यपालिकाको बैठकले पालिकालाई बालश्रम मुक्त बनाउन र मानव अधिकारको संरक्षण गर्न दुईवटा महत्वपूर्ण सांगठनिक निर्णयहरू गरेको छ ।

**वडास्तरबाटै कार्यदल गठन**

नेपाल सरकारको 'बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि, २०७७' बमोजिम जगैदेखि (वडा स्तरबाटै) आवश्यक प्रक्रिया र सूचकहरू पूरा गर्नका लागि प्रत्येक वडामा एक विशेष कार्यदल गठन गर्ने निर्णय गरिएको छ । उक्त कार्यदलको संरचना देहाय बमोजिम रहनेछ:

- **संयोजक:** सम्बन्धित वडाका वडा अध्यक्ष
- **सदस्य:** बालकल्याण अधिकारी श्री मदनराज जोशी
- **सदस्य:** रोजगार सहायक श्री असोक सिंह धामी
- **सदस्य सचिव:** सम्बन्धित वडाको वडा सचिव

यो कार्यदलले आ-आफ्नो वडामा बालश्रमको अवस्था पहिचान गर्ने, अनुगमन गर्ने र कार्यविधिले तोकेका मापदण्डहरू तदारुकताका साथ पूरा गराई वडालाई बालश्रम मुक्त घोषणा गर्न जग बसाल्नेछ ।

**स्थानीय तह समन्वय समिति गठन**

यसैगरी, नेपाल सरकारको मानव अधिकार छैटौँ राष्ट्रिय कार्ययोजना (आ.व. २०८३/०८४ – २०८७/०८८) ले निर्दिष्ट गरेबमोजिम पालिकास्तरमा मानव अधिकारको प्रवर्द्धन, कार्यान्वयन र अनुगमनका लागि एक 'स्थानीय तह समन्वय समिति' गठन गर्ने निर्णय समेत कार्यपालिकाले गरेको छ ।

यस समितिले पालिकाभित्र मानव अधिकारको मर्म अनुरूप काम भइरहेको सुनिश्चित गर्दै राष्ट्रिय कार्ययोजनाको लक्ष्य प्राप्तिमा स्थानीय सरोकारवालाहरूसँग समन्वय गर्नेछ । गाउँपालिकाले बालअधिकार र मानव अधिकारको प्रत्याभूतिलाई आफ्नो उच्च प्राथमिकतामा राखेको हुदा यी निर्णयहरूले अपिहिमाललाई समृद्ध र बालमैत्री पालिका बनाउन कोशेढुङ्गा सावित गर्ने विश्वास लिएको छ ।

## पाठकवर्गहरुमा अपिल

**यो स्मारिका प्रथम पटक प्रकाशन भएकोले पाठकवर्गहबाट रचनात्मक सल्लाहसहित सुभाव राखिदिन हार्दिक अपिल गर्दछौं ।**

**प्रकाशक समिति : मदन राज जोशी (९८६०८०६६४३), नरहरी ठेकरे, हेम बहादुर सिंह बोहरा, धर्मानन्द भट्ट, कमल सिंह रोकाय**

## स्मारिका प्रकाशनको सान्दर्भिकता .........

अपिहिमाल गाउँपालिकाले सुशासन स्थापनाका लागि परम्परागत ढर्राभन्दा माथि उठेर आफ्नै पहलमा विभिन्न नवीन कामहरूको सुरुवात गरेको छ। दुर्गम भौगोलिक बनोटका बाबजुद सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन विद्युतीय शासन (e-Governance) का औजारहरू प्रयोगमा ल्याइएको छ। योजना व्यवस्थापन, सिफारिस प्रणाली र राजस्व सङ्कलनजस्ता कार्यलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गर्ने प्रयास जारी छ।

यसका साथै, स्थानीय प्रशासनको मेरुदण्डका रूपमा रहेका कर्मचारीहरूको सिर्जनशील क्षमताको प्रदर्शन र प्रोत्साहन पनि उत्तिकै आवश्यक छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन, सकारात्मक कार्यवातावरण र नवप्रवर्तनकारी सोचलाई स्वागत गर्ने प्रशासनिक संस्कृतिले कर्मचारीहरूलाई आफ्नो जिम्मेवारीप्रति थप जिम्मेवार र उत्साहित बनाएको छ। नयाँ खोज र प्रविधिको प्रयोगका माध्यमबाट सेवा प्रवाहमा गुणस्तरीयता, शीघ्रता र सरलता ल्याउन सकिन्छ भन्नेमा हामी दृढ छौं।


नागरिक र सरकारबीचको दूरी कम गर्ने र सूचनाको सहज पहुँच सुनिश्चित गर्ने सशक्त माध्यमका रूपमा यो '**अपि स्मारिका**' ई-बुलेटिन प्रकाशनमा ल्याइएको छ। भौतिक रूपमा भौगोलिक विकटताका कारण सबै नागरिकहरू नियमानुसार कार्यालयमै उपस्थित भई सूचना लिन सम्भव नहुन सक्छ। यसै परिप्रेक्ष्यमा डिजिटल माध्यमबाट प्रकाशित हुने यो ई-बुलेटिनले नागरिकलाई सूचनाको हकबाट वञ्चित हुन दिने छैन।

स्थानीय तहको सुशासन कुनै निश्चित विन्दुमा पुगेर रोकिने प्रक्रिया होइन, यो एक निरन्तर सुधारको यात्रा हो। अपिहिमाल गाउँपालिकालाई आगामी दिनमा थप प्रविधिमैत्री, उत्तरदायी र नतिजामुखी बनाउन हामी प्रतिबद्ध छौं। नागरिकका गुनासाहरूलाई शीघ्र सम्बोधन गर्ने संयन्त्रको सुदृढीकरण, सार्वजनिक सेवामा पारदर्शिताको अभिवृद्धि र विकास निर्माणमा जनसहभागिता सुनिश्चित गर्नु हाम्रो मुख्य प्राथमिकता हुनेछ।

नागरिकप्रतिको उत्तरदायित्वलाई शिरोधार्य गर्दै गाउँपालिकाको प्रशासनिक संयन्त्रलाई सक्षम, निष्पक्ष र जनमुखी बनाउन हामी कुनै कसर बाँकी राख्ने छैनौं।

अन्त्यमा, यो 'अपि स्मारिका' ई-बुलेटिन प्रकाशनको चरणसम्म ल्याइपुऱ्याउन मार्गदर्शन प्रदान गर्नुहुने आदरणीय जनप्रतिनिधिज्यूहरू, अहोरात्र खट्नुहुने सम्पूर्ण कर्मचारी साथीहरू, साझेदार संघ-संस्थाहरू, तथा रचनात्मक सुझाव दिई हामीलाई निरन्तर प्रोत्साहन गर्ने सम्पूर्ण अपिहिमालवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक आभार व्यक्त गर्दछु।

तपाईंहरूको निरन्तरको रचनात्मक सुझाव, सहकार्य र नागरिक निगरानीले नै अपिहिमाल गाउँपालिकालाई सुशासित, समृद्ध र नमूना स्थानीय सरकार बनाउन ऊर्जा प्रदान गर्नेछ। धन्यवाद ।



## सौगन्नामा अन्तरविद्यालय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सम्पन्न: वडा नं. ५ को सराहनीय प्रयास



अपिहिमाल गाउँपालिका वडा नं. ५ को वडा कार्यालयको आयोजनामा भवानी माध्यमिक विद्यालय, सौगन्नाको प्राङ्गणमा सञ्चालित दुई दिने 'अन्तरविद्यालय स्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम' भव्यताका साथ सम्पन्न भएको छ। गत भाद्र २५ र २६ गते आयोजित उक्त बहुआयामिक कार्यक्रममा वडा भित्र संचालित ३ वटै विद्यालयका विद्यार्थीहरूले उत्साहजनक रूपमा आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए।

विद्यार्थीहरूमा लुकेर रहेको अन्तर्निहित क्षमतालाई उजागर गर्ने र उनीहरूको बौद्धिक, तार्किक तथा सिर्जनात्मक विकासमा टेवा पुऱ्याउने उद्देश्यले वडा कार्यालयले यस शैक्षिक सत्रको भाद्र महिनामा यो विशेष कार्यक्रमको तर्जुमा गरेको हो। दुई दिनसम्म चलेको उक्त कार्यक्रममा बालबालिकाहरूको चौतर्फी विकासलाई समेट्ने गरी विभिन्न विधाका प्रतियोगिताहरू समावेश गरिएका थिए। कार्यक्रम अन्तर्गत आयोजित हाजिर जवाफ प्रतियोगितामा विद्यार्थीहरू बीच कडा बौद्धिक प्रतिस्पर्धा देखिएको थियो भने नेपाली हिज्जे लेखन र वक्तृत्वकला प्रतियोगिताले विद्यार्थीहरूको भाषा, व्याकरण र वक्तृत्व क्षमताको मापन गरेको थियो। त्यस्तै, तार्किक र द्रुत गणना क्षमता विकासका लागि आयोजना गरिएको हिसाब दौड विद्यार्थीहरूका लागि निकै रोचक र चुनौतीपूर्ण बनेको थियो। यसका साथै, चित्रकला प्रतियोगिता मार्फत बालबालिकाहरूले आफ्नो कलात्मक सोच र सिर्जनालाई क्यानभासमा उतारेका थिए।

कार्यक्रमको समापन समारोहमा बोल्दै वडा नं. ५ का वडाध्यक्ष तथा जनप्रतिनिधिहरूले गुणस्तरीय शिक्षा र बालबालिकाको सर्वाङ्गीण विकासका लागि केवल किताबी ज्ञान मात्र पर्याप्त नहुने भन्दै यस्ता अतिरिक्त क्रियाकलापले उनीहरूको आत्मविश्वास बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। साथै, आगामी दिनहरूमा पनि वडा कार्यालयले शिक्षा र खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्दै यस्ता रचनात्मक कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ। प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गर्ने विधागत विजेता तथा सहभागी विद्यार्थीहरूलाई मेडल, प्रमाणपत्र र शैक्षिक सामग्री सहित पुरस्कृत गरिएको थियो। कार्यक्रमलाई भव्य रूपमा सफल पार्न भवानी माध्यमिक विद्यालय परिवार, शिक्षक, विद्यार्थी तथा स्थानीय बासिन्दाहरूको उल्लेखनीय सहयोग रहेको थियो।

## अपिहिमालका सामुदायिक होमस्टेहरुको अनुगमन

अपिहिमाल गाउँपालिका उद्योग शाखा र वडा नं. ३ को समन्वयमा अपिहिमाल गाउँपालिका–३, पाथा गाउँमा सञ्चालित सामुदायिक होमस्टेको अनुगमन गरिएको छ। अपिहिमाल गाउँपालिकाको कापु–धरमघर क्षेत्रलाई पर्यटन गन्तव्यका रूपमा विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीयस्तरमा होमस्टे सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउने पहलस्वरूप उक्त अनुगमन गरिएको हो।



अनुगमनका क्रममा सामुदायिक होमस्टेको भौतिक पूर्वाधार, सरसफाइ, आवासीय व्यवस्था, खानपान, स्थानीय मौलिकता, पर्यटकलाई प्रदान गरिने सेवा–सुविधा तथा व्यवस्थापन पक्षको अवलोकन गरिएको थियो। अनुगमनका क्रममा होमस्टे सञ्चालक तथा स्थानीय समुदायलाई पर्यटकमैत्री वातावरण निर्माण, सरसफाइ तथा स्वच्छता कायम, स्थानीय तथा मौलिक परिकारको प्रवर्द्धन, पाहुनाको उचित आतिथ्य, सुरक्षा व्यवस्था, अभिलेख व्यवस्थापन तथा सेवा–सुविधाको गुणस्तरमा विशेष ध्यान दिन सुझाव दिइएको थियो।

उद्यम विकास शाखाबाट यस अपिहिमाल क्षेत्रमा सञ्चालित होमस्टेहरुको नियमित अनुगमन गर्नुका साथै होमस्टे सञ्चालनलाई कानुनी तथा संस्थागत रूपमा व्यवस्थित गर्न आवश्यक प्रक्रिया पूरा गरी पालिकामा दर्ता गराई नियमित रूपमा सञ्चालन गर्न सहजीकरण गरिएको छ।

स्थानीय प्राकृतिक सौन्दर्य, संस्कृति, परम्परा र जीवनशैलीलाई पर्यटनसँग जोड्दै सामुदायिक होमस्टे सञ्चालनमा ल्याउन सकेमा यस क्षेत्रको पर्यटन प्रवर्द्धनसँगै स्थानीय समुदायको रोजगारी तथा आयआर्जनमा समेत महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ। पाथा गाउँमा सामुदायिक होमस्टेको विकासले कापु–धरमघर क्षेत्रको पर्यटन सम्भावनालाई उजागर गर्दै स्थानीय पर्यटन अर्थतन्त्रलाई थप चलायमान बनाउन महत्वपूर्ण आधार तयार गर्ने अपेक्षा राखिएको छ।




**राष्ट्रिय शिक्षा दिवस २०८३ असोज २ को अवसरमा हाम्रो गाउँपालिका क्षेत्रभित्र तथा देश विदेशमा रहनु भएका सम्पूर्ण विद्यार्थी, शिक्षक शिक्षिका, अभिभावक, शिक्षाप्रेमी एवं शिक्षा क्षेत्रको विकासमा अहोरात्र खट्नुहुने सरोकारवालाहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

**अपिहिमाल गाउँपालिका परिवार**

## युवाको कृषि सपना



**पृष्ठभूमि:** अपिहिमाल गाउँपालिका वडा नं. ३, भट्टार बस्ने २० वर्षीय युवा परविन लोथ्याललले कृषि क्षेत्रमा आफ्नो अलग्गै पहिचान बनाइसकेका छन्। सानैदेखि लगनशील र मिहिनेत गर्ने बानी उनको डिएनए (जीन) मै थियो जस्तो लाग्छ। १८ महिने कृषि प्राविधिक शिक्षा (JTA) श्री खण्डेश्वरी माध्यमिक विद्यालयबाट अध्ययन पूरा गरेपछि उनीसँगै पढ्ने साथीहरू कोही रोजगारीको खोजीमा सहरतिर लागे भने कोही उच्च शिक्षाका लागि काठमाडौँतिर लागे। तर परविनको मन भने गाउँकै माटोमा रमाएको थियो। उनले सोचे, "यहाँको माटो सुनभन्दा कम छैन; यदि आफ्नै गाउँमा आधुनिक कृषि खेती गर्न सकियो भने रोजगारी खोज्न किन बाहिर जानुपर्छ?" उनले मनमनै संकल्प गरे, "अब म आफ्नै गाउँको माटोलाई सुन बनाएर फर्काउँछु।" उनी गाउँमा रहेका युवा साथीहरूलाई "अब हामीले आधुनिक कृषितिर जोड दिनुपर्छ" भन्दै दिनहुँ सम्झाउँथे। सुरुमा केही गाउँलेले उनको जिस्क्याउँदै 'डो:लारी' (डोको बोक्ने) उपनाम पनि दिए, तर उनको संकल्प झन्-झन् मजबुत हुँदै गयो।

एक दिन बेलुका परिवारसँग बसेर खाना खाने बेलामा उनले बा-आमा (बा-इजा) सँग भने, "मलाई केही आर्थिक सहयोग चाहियो, अब म प्लास्टिक घर (ग्रीन हाउस) हाल्छु।" बा-इजाले पहिला त मानेनन्, तर पछि धेरै जिद्दी गरेपछि "हुन्छ, एउटा ग्रीन हाउसका लागि हामी पैसा दिन्छौं। भोलिदेखि आफ्नो काम सुरु गर" भने। त्यसपछि उनको खुसीको सीमा नै रहेन। त्यो रातभरि निन्द्रै लागेन; मनमा एकातिर खुसी अनि अर्कोतिर चुनौती— "अब के होला? कसरी होला?" भनेर सोच्दासोच्दै निदाएको पत्तै भएन।



सुरुमा उनले एउटा ग्रीन हाउस र घरको सानो जमिनमा तरकारी खेती सुरु गरे। यति सानो ठाउँमा व्यवसाय सुरु गरेको देखेर धेरैले हाँसे, मजाक पनि गरे। कसैले भने, "खेती गरेर के नै कमाइ हुन्छ र! बरु विदेश जानुहोस्, यस्तो युवा अवस्थामा नेपाल बसेर केही काम छैन।" तर उनले हार मानेनन्। पहिलो वर्ष तरकारी खेती राम्रै भयो। मकरीगाड र खण्डेश्वरीको स्थानीय बजारमा तरकारी बेचेर अपेक्षाभन्दा राम्रो आम्दानी भयो। अर्को वर्ष उनले अर्को एउटा ग्रीन हाउस थपेर अलि ठुलो ठाउँमा तरकारी खेती विस्तार गरे।

एक दिन उनी स्थानीय बजारतिर तरकारी बेचिरहेका थिए, त्यसै बेला एलएसीसी (LACC) परियोजनाका एक जना सरको नजर उनीमाथि पर्यो। उहाँले बोलाएर सोध्नुभयो, "तिमी यति सानै उमेरमा तरकारी बेच्दै हिँड्दै छौ, बा-इजाले पठाएका हुन् कि?" उनले भने, "म आफैँ तरकारी खेती गर्छु, यो मेरो आफ्नै व्यवसाय हो।" यो सुनेर सरले मुस्कानका साथ भन्नुभयो, "यदि तिमी व्यवसाय अझ बढाउन चाहन्छौ भने हामी LACC परियोजनाबाट सहयोग गर्छौं" सरको कुरा सुनेर उनको खुसीको सीमा रहेन— ढुङ्गा खोज्दा देवता पाएजस्तै भयो।

केही दिनपछि उनी सात दिनको अगुवा कृषक तालिमका लागि नौगाड गाउँपालिकाको दल्लेख गए। त्यो तालिमबाट उनले धेरै कुरा सिक्ने मौका पाए र "अब गाउँ गएर सिकेका कुरा व्यवहारमा लागू गर्छु र केही गरेर देखाउँछु" भन्ने संकल्प गरे।



तालिमपश्चात् जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC Project) को आर्थिक तथा प्राविधिक सहयोगमा १० जना किसानहरूले ग्रीन हाउस निर्माणका लागि आर्थिक सहयोग पाए। तालिममा सिकेका कुरालाई मनन गर्दै मिति २०८२/०२/२० गते गाउँका केही युवा किसानहरूसँग मिलेर उनकै उपनामले चिनिने 'डो:लारी कृषि समूह' गठन गरी पालिकामा दर्ता गरियो। हाल उनी डो:लारी कृषि समूहको अध्यक्ष पदमा कार्यरत छन्।

**व्यवसाय सुरु गरिसके पछिको अनुभव:**

त्यो खुसी उनी कहिल्यै बिर्सन सक्दैनन्, जुन दिन उनले पहिलोपटक तरकारी बेचेर आएको पैसा आफ्नी आमा (इजा) को हातमा थमाएका थिए। व्यवसाय सुरु गर्दा सुरुमा पुँजी व्यवस्थापन, बजार खोज्ने, अर्गानिक उत्पादन गर्ने र ग्राहकको विश्वास जित्ने जस्ता अनेकौँ चुनौतीहरूको सामना गर्नुपरेको थियो। उनको लगनशीलता र मिहिनेत देखेर जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACCP) परियोजनाअन्तर्गत यस आर्थिक वर्षमा थप १० दिनको पुनः अगुवा कृषक तालिम पाउँदा उनलाई थप ऊर्जा मिलेको महसुस भएको छ।

व्यवसाय सञ्चालन गर्दा समय व्यवस्थापन, ग्राहकसँग राम्रो सम्बन्ध कायम गर्ने, बजारको मागअनुसार उत्पादन गर्ने तथा कृषि व्यवसायमा आधुनिक प्रविधि अपनाउँदा उत्पादन र आम्दानी दुवै बढ्ने कुरा तालिमबाट सिकाइ भयो।

ताजा र गुणस्तरीय तरकारी उत्पादन भएकाले ग्राहकहरूको विश्वास बढ्दै गयो। जसको फलस्वरूप डो:लारी कृषि समूहबाट उत्पादित ताजा तरकारीहरू स्थानीय बजार, विद्यालय, होटेलदेखि लिएर मार्माको लटिनाथ र गोकुलेश्वर बजारसम्म पुग्न थालेका छन्। दुई वर्षमा उनले आफ्नो व्यवसाय बढाउँदै डल्ले खुर्सानी, लसुन र मुलाको अचार बनाएर बजारमा बिक्रीसमेत गर्न थालेका छन्। परविनको सफलताबाट प्रेरित भएर गाउँका अन्य युवाहरू पनि कृषि व्यवसाय सुरु गर्न थालेका छन् तथा डो:लारी कृषि समूहमा आबद्ध भई सदस्यता लिन थालेका छन्। आजभोलि गाउँघरमा उनलाई देख्नेबित्तिकै "डो:लारी आउनुभयो" भनेर बोलाउँछन्। आफ्नो नामभन्दा 'डो:लारी' भनेर चिनिन पाउँदा उनलाई धेरै खुसी लाग्नुका साथै गर्वको महसुस हुन्छ। यस यात्राले धैर्यता, निरन्तर सिकाइ र मिहिनेत नै सफल व्यवसायको मुख्य आधार हो भन्ने महत्त्वपूर्ण पाठ सिखाएको छ। आगामी दिनमा व्यवसायलाई अझ विस्तार गरी बेरोजगार युवाहरूका लागि रोजगारी सिर्जना गर्ने लक्ष्य उनले राखेका छन्।

